# घार खोला जलविद्युत आयोजना (१४ मे.वा.) को ३३ के. भी. विद्युत प्रसारण लाइनको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिती : २०७७/१०/१५

गण्डकी प्रदेश, म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिकामा म्याग्दी हाइड्रोपावर लिमिटेडद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | म्याग्दी हाइड्रोपावर लिमिटेड<br>बालुवाटार, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-४४२८१६८ |
| प्रस्तावको व्यहोरा | प्रस्तावित घार खोला जलविद्युत आयोजना (१४ मे. वा.) को ३३ के. भी. विद्युत प्रसारण लाइन म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका-६ मा निर्माणाधीन घार खोला जलविद्युत आयोजनाको विद्युतगृह देखि अन्नपूर्ण गाउँपालिका-३ मा रहेको दाना सवस्टेशनमा लगेर जोडिनेछ । प्रस्तावित प्रसारण लाइन अन्नपूर्ण गाउँपालिकाको वडा नं. २ र ३ भएर दाना सवस्टेशनमा जोडिनेछ। प्रस्तावित प्रसारण लाइनको लम्बाइ ७ किलोमिटर हुनेछ भने क्षेत्राधिकार (RoW) ५ मिटर रहनेछ । |
| प्रभाव पर्न सक्ने गाउँपालिका र वडा | अन्नपूर्ण गाउँपालिका, वडा नं २ र ३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, स्थास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितीले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | म्याग्दी हाइड्रोपावर लिमिटेड<br>बालुवाटार, काठमाडौं, नेपाल<br>फोन नं.: ०१-४४२८१६८ |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्लोब इन्टरनेशनल प्रा. लि.<br>कोटेश्वर-३२, काठमाडौं, नेपाल<br>फोन नः ०१-५१४९१११ |